**कोरोना भाइरससम्बन्धी गण्डकी प्रदेशको अवस्था**
**कास्की । ०७७ वैशाख १५ गते**
कोरोना भाइरसको रोकथाम र न्यूनिकरणको लागि गण्डकी प्रदेशको जिल्ला स्तरमा गरिएका प्रयासको बारेमा इन्सेक जिल्ला प्रतिनिधिहरूबाट वैशाख १५ गते प्राप्त भएका सूचनाहरूको आधारमा जिल्लागत अवस्था विश्लेषण यस प्रकार रहेको छ ।

**इन्सेक कास्की जिल्ला प्रतिनिधि सुशन घिमिरेका** अनुसार पोखरा महानगरपालिका -९ को कृष्ण टोलमा रहेका मजदुरी गर्ने सुकुम्वासी परिवारहरूले वैशाख १५ गते पोखरा महानगरपालिकाको गेट अगाडी धर्ना दिएका छन् । राहत वितरणमा आफूहरूलाई विभेद गरिएको भन्दै आन्दोलित उनीहरूले वैशाख १४ गते वडा कार्यालय घेराउ गरेका थिए । टोल विकास संस्थाको समन्वयमा वडाले राहत वितरण गर्ने गरी पोखरा महानगरपालिकाले नीति बनाएको छ । तर राहतमा समेत राजनीतिकरण भएको भन्दै उनीहरूले विरोध जनाएका हुन् ।
वडाध्यक्ष रामराज लामिछानेका अनुसार वडामा १ हजार ९ सय ४५ जनाको राहतका लागि निवेदन परेको थियो । जसमध्ये महानगरपालिकाले छनौट गरेर ६ सय ८८ को नामावली वडालाई उपलब्ध गराइएको थियो । वैशाख १६ गते सर्वदलिय बैठक मार्फत राहतको विषयलाई टुङगाइने उहाँले जानकारी दिनुभयो ।
पोखरा महानगरपालिकाले अस्पताल जानुपर्ने गर्भवति महिलालाई निःशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गर्ने निर्णय गरेको हो । कुनै पनि महिलाले प्रसूती सेवा समयमै नपाएर समस्या भोग्न नपरोस भन्ने उद्देश्यले एम्बुलेन्स सेवा उपलब्ध गराउने निर्णय गरेको पोखरा महानगरपालिकाका उपप्रमुख तथा कोरोना सङ्क्रमण नियन्त्रण मूल समिति संयोजक मञ्जुदेवी गुरुङले जानकारी दिनुभयो ।
महानगरले प्रसूती सेवा लिन अस्पताल जानुपर्ने अवस्थाका महिलाका लागि चार ओटा एम्बुलेन्स तयारी अवस्थामा राखेको पोखरा महानगर स्वास्थ्य महाशाखा प्रमुख हेमन्त शर्माले बताउनुभयो । पोखरा महागनरपालिका वडा नम्बर २० भलाम, पोखरा २४ पामे, पौखरा ३१ बेगनास र पोखरा १९ लामाचौरमा एम्बुलेन्स तयारी अवस्थामा राखेको छ ।

**इन्सेक बागलुङ जिल्ला प्रतिनिधि सृजना पन्त**का अनुसार बागलुङमा पहिलोपटक फूल वडी सेनिटाइजर टनेल निर्माण गरिएको छ । बागलुङ केबल टि.भी नेटवर्क व्यवसाय तथा गण्डकी प्रदेश स्तरीय धौलागिरी टेलिभिजन सञ्चालन गर्दै आउनुभएका बागलुङ नगरपालिका-२ हरिशंकर रोड निवासी राजकुमार श्रेष्ठ र मनोज श्रेष्ठले फूल वडी अटोमेटिक सेनेटाइजर टनेल निर्माण गर्नुभएको छ । टनेल धौलागिरी अञ्चल अस्पताल बागलुङलाई हस्तान्तरण गरिने उहाँले जानकारी दिनुभयो ।
गलकोट नगरपालिका-१ दुदिलाभाटीले लकडाउनले गर्दा काम बिहिन समस्यामा परेका मजदुरहरूलाई राहत दिएको छ । वडाले २ सय ७० घरधुरीलाई राहत स्वरूप चामल, दाल, तेल, नुन र साबुन वितरण गरेको वडा अध्यक्ष नेत्र बुढाथोकीले जानकारी दिनुभयो । राहत वितरण गर्नको लागी गलकोट नगरपालिकाको कार्यालय सहित विदेशमा रहेका केही व्यक्तिहरूले विपत सहयोग गरेको अध्यक्ष बुढाथोकीले बताउनुभयो । विपद् व्यवस्थापन समितिले दुदिलाभाटी उपस्वास्थ्य चौकीलाई २ सेट पीपीइ र थर्मल गन समेत हस्तान्तरण गरेको छ । त्यस्तै वैशाख ९ गतेको चट्याङ लागेर मृत्यु भएकी बिजुला खत्रीको परिवारलाई राहत स्वरूप ५ हजार प्रदान गरिएको थियो ।

बडिगाड गाउँपालिकाका तीन सहकारीले संयुक्त रूपमा उपभोक्ता पसल सञ्चालन गरेको छन् । गाउँपालिकाको वडा नम्बर २ खरर्बाङमा रहेका नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था, दिदीबहिनी बचत तथा ऋण सहकारी संस्था र मिलन कृषि सहकारी संस्थाले संयुक्त रूपमा उपभोक्ता पसल सञ्चालन गरेका हुन् । तीन संस्थाले ७ लाख ५० हजार रुपियाँ लगानी गरी चामल, दाल र तेल लगायतका सामानहरू खरिद गरी सदस्यहरूलाई विक्री गर्दै आइरहेको नवप्रतिभा संस्था कोषका अध्यक्ष होमनाथ अर्याललेे जानकारी दिनुभयो । अध्यक्ष अर्याललेे विश्वभर महामारीको रूपममा फैलिएको कोरोना भाइरसका कारण नागरिकहरू समस्यामा परेको हुँदा उनीहरूलाई सहज रूपमा खाद्यान्न उपलब्ध गराउने उद्देश्यले उपभोक्ता पसल सञ्चालन गरेको बताउनुभयो ।

**इन्सेक गोरखा जिल्ला प्रतिनिधि हरिराम उप्रेती**का अनुसार गोरखा घर भइ काठमाडौ लगायतका अन्य जिल्लामा लकडाउनका कारण अलपत्र परेका र गाउँ फर्कन चाहनेलाई आ-आफनो स्थानीयतहले गाउँ फर्काउन पहल थालेका छन् ।
वैशाख १५ गते बसेको सर्वपक्षिय बैठकले उद्धारको लागि व्यक्तिहरूको विवरण सङकलनको ढाचाँ तयार गराएको छ । व्यक्तिको नामथर, ठेगाना, उमेर, उद्धार गर्ने मिति, सम्पर्क नम्बर, पछिल्लो तीन महिना भित्र भ्रमण गरेको स्थान लगायतका विवरण सङकलन गरेपछि मात्र उद्धार प्रक्रिया थालिने छ ।
अलपत्र परेका व्यक्तिलाई घर ल्याउदा प्रयोग हुने सवारीलाई अनिवार्य सेनेटाइज गराएर मात्र यात्रु चढाउने व्यवस्था मिलाउन भनिएको जिल्ला प्रशासन कार्यालयका अधिकृत हर्क रोकाले बताउनुभयो । यसरी फर्कने यात्रुको अनिवार्य ज्वँरो नाप्नुपर्ने उहाँले बताउनुभयो ।
मास्क, सर्जिकल पन्जाको पनि व्यवस्था हुनुपर्ने, बीचमा ओराल्ने वा अन्य व्यक्तिलाई नचढाउने व्यवस्था पनि मिलाउने सर्वपक्षिय बैठकले निर्णय गरेको र जिल्ला बाहिरबाट आउनेहरूको अवस्था हेरेर उनीहरूलाई क्वारेण्टाइनमा पनि राखिने रोकाले बताउनुभयो ।

**इन्सेक तनहुँ जिल्ला प्रतिनिधि प्रकाशचन्द्र भट्टराई**का अनुसार जिल्ला स्तरीय मानवअधिकार अनुगमन समितिले व्यास नगरपालिका -४ मा रहेको मदर्सा प्राविमा बनाइएको क्वारेण्टाइनको वैशाख १५ गते अनुगमन गरेको छ । समितिका संयोजक अमृतबहादुर नेपालीको नेतृत्वमा समितिका सदस्यहरूले क्वारेण्टाइनको अवस्था, व्यवस्थापन र त्यहाँ राखिएका व्यक्तिहरूको स्वास्थ्य अवस्था लगायतको विषयमा जानकारी लिएको थियो । सो क्वारेण्टाइनमा ११ जना भारतीय नागरिक सहित १३ जनालाई राखिएको छ । जसमध्ये ११ जना भारतीय नागरिकलाई एउटै कोठामा र २ जना नेपालीलाई अर्को कोठामा राखिएको छ । व्यास नगरपालिका-४ का वडा अध्यक्ष विश्व न्यौपानेले आफूहरूसँग भएको श्रोत साधनको उपयोग गरी क्वारेण्टाइन राखिएको बताउनुभयो ।
गृहमन्त्रालयले लकडाउनलाई कडाइ गर्न निर्देशन दिएपछि तनहुँमा पनि कडाइ गरिएको छ । प्रहरीले बजारमा निस्किएका सर्वसाधारणलाई घरबाहिर ननिस्कन चेतावनी दिएको छ । जिल्ला प्रहरी कार्यालयका प्रमुख एसपी विनोद सिलवालले लकडाउनलाई बिगतको भन्दा अझ कडाइ गरिने बताउनुभयो ।
तनहुँ जिल्लाले जिल्लाभन्दा बाहिरका तरकारी भित्रिन नदिने गरेको निर्णय परिमार्जन गर्दै व्यास नगरपालिकाको उपभोक्ता तथा अनुगमन समितिका संयोजक नगर उपप्रमुख मिरा जोशीको अध्यक्षतामा वैशाख १५ गते बसेको बैठकले तनहुँको तरकारीले मात्रै उपभोक्ताको माग धान्न नसकेको हुँदा आयातलाई खुकुलो बनाउदै गण्डकी प्रदेशका अन्य जिल्ला र बागमती प्रदेशका जिल्लामा उत्पादन भएको प्रमाणित गरेर मात्र तरकारी आयात गर्न दिने निर्णय गरेको छ ।

**इन्सेक पर्वत जिल्ला प्रतिनिधि सन्तोष थापा**का अनुसार पर्वतमा पहिलो चरणको राहत वितरण कार्यक्रम अन्तर्गत पर्वतका सात स्थानीयतहबाट ७ हजार १ सय ४६ घरधुरीमा राहत वितरण भइसकेको जिल्ला प्रशासन कार्यालय पर्वतका प्रमुख जिल्ला अधिकारी कल्पना घिमिरे नेपालले जानकारी दिनुभयो ।

वैशाख १५ गते लकडाउन सामान्य रूपमा लागुभएको पाइएको छ तर लकडाउनको समयावधि थपिएपछि जिल्लामा गठित कमाण्ड पोष्टको वैशाख १५ गते बसेको बैठकले लकडाउन कडाइका साथ लागु गर्ने निर्णय गरेको छ ।

जिल्लामा आपूर्ति व्यवस्थापनमा सहज बनाउने उद्धेश्यले सहायक प्रमुख जिल्ला अधिकारी, उपभोक्ताका प्रतिनिधि, सञ्चारकर्मी, सुरक्षाकर्मी र निजी क्षेत्रका व्यवसायीहरूको रोहबरमा नियमित अनुगमन जारी राखिएको छ ।

**इन्सेक लमजुङ जिल्ला प्रतिनिधि दलबहादुर मजाकोटी**का अनुसार लमजुङ जिल्लामा मालवाहक गाडीहरू चल्न दिइएको छ । त्यस्तै जिल्लामा दिर्घरोगीहरूले सेवन गर्ने नियमित औषधिहरूको सूची तयार गरी स्थानीयतहहरूले निःशुल्क औषधि वितरण गर्ने व्यवस्था गरेको छ ।

यसका साथै केही स्थानमा प्रशासनले अनावश्यक रूपमा व्यवस्था गरेको पासको दुरूपयोग गरिएको जनगुनासो बढेको छ ।

**इन्सेक गण्डकी प्रदेश कार्यालय, पोखरा**